आज मिति २०७९।०८।१९ गते सोमबारको दिन यस बाणगङ्गा नगरपालिकाको नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | खिमानन्द भुसाल | सचिव | |

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु

### नगर कार्यपालिकाको आ.व.०७९।८० को चौथो बैठक २०७९।०८।१९ का प्रस्तावहरु

प्रस्ताव नं. ४.०१ प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ४.०२ विभाज्य कोषको रकम बाँडफाँड सम्बन्धमा,

प्रस्ताव नं. ४.०३ पदपुर्ति सम्बन्धमा,

प्रस्ताव नं. ४.०४ उपभोक्ता समिति गठन र अभिमूखीकरण कार्यक्रम सञ्चालन सम्बन्धमा,

प्रस्ताव नं. ४.०५ साविक पटना गा.वि.स.को पुरानो जिर्ण भवनको व्यवस्थापन सम्बन्धमा,

प्रस्ताव नं. ४.०६ नगर स्तरीय स्वास्थ्य बिमा संयोजन समिति गठन सम्बन्धमा,

प्रस्ताव नं. ४.०७ ढल निकास व्यवस्थापनको लागि सरसफाई आयोजना माग गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ४.०८ बाणगङ्गा नगरपालिकाको उपभोक्ता समिति सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ संसोधन गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ४.०९ सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. ४.१० विविध

चक्रपाणी अर्याल
नगर प्रमुख

**प्रस्ताव नं. ४.०१**

**प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE Report) स्वीकृत गर्ने सम्बन्धमा,**

**निर्णय नं. ४.०१**

यस नगरपालिका अन्तर्गतका नदी तथा खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण कार्यको लागि यस कार्यालय र बाणगङ्गा अनुसन्धान विकास संस्था नेपाल, (बाणगङ्गा नगरपालिका-१, कपिलवस्तु) बीच मितिः २०७९।०६।१४ मा भएको सम्झौता अनुसार संस्थाले पेश गरेको प्रतिवेदन माथी प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी यस कार्यपालिकामा सिफारिस भई आएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE Report) स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४.०२**

**विभाज्य कोषको रकम बाँडफाँड सम्बन्धमा,**

**निर्णय नं. ४.०२**

तपसिल बमोजिम विभिन्न आर्थिक वर्षको हालसम्म बांडफाँड गर्न बाँकी रहेको यस कार्यालयको विभाज्य कोष खाता नं. ०४१५६०१६१७१८८१९७ मा संकलन भएको राजस्व रु. ८,२९,३५,६९९।८० (अक्षेरपी आठ करोड उन्तिस लाख पैतिस हजार छ सय उनान्सय रुपैयाँ आठ पैसा मात्र) बाणगंगा नगरपालिका विभाज्य कोष खाता नं. मध्ये ६०% बाणगंगा नगरपालिकाको स्थानीय तह सञ्चित कोष खाता नं. ०४१५६०१६१७१८८१८९ मा रु.४,९७,६१,४१९।९ (अक्षेरुपी चार करोड सन्तानब्बे लाख एकसठी हजार चार सय उन्नाइस रुपैया नौ पैसा) ट्रान्सफर गर्न र बाँकि ४०% रु.३,३१,७४,२७९।९ (अक्षेरुपी तिन करोड एकतिस लाख चोहत्तर हजार दुई सय उनासी रुपैयाँ नौँ पैसा) लुम्बिनी प्रदेश सरकारलाई बाँडफाँड हुनुपर्नेमा आ.ब. २०७७/७८ मा नगरको बिभाज्य कोषबाट रु.४,६०,६४,१६१।० (अक्षेरुपीः चार करोड साठी लाख चौसठी हजार एक सय एकसाठी) नगरको सञ्चित कोषमा ट्रान्सफर भएको पाइएकोले क्षतिपुर्ति दिनुपर्ने रकम सहित बिभाज्य कोष खातामा रहेको जम्मा रु.५०,९५,४६४।८ (अक्षेरुपी पचास लाख पन्चानब्बे हजार चारसय चौसठ्ठी रुपैयाँ आठ पैसा) नगरको सञ्चित कोष खातामा ट्रान्सफर गर्न र रु. रु.३,३१,७४,२७९।९ (अक्षेरुपी तीन करोड एकतिस लाख चोहत्तर हजार दुई सय उनासी रुपैयाँ नौँ पैसा) प्रदेश सरकारलाई उपलब्ध गराउने निर्णय गरियो।

| सि.नं. | खोलाको नाम | निर्माण व्यवसायीको नाम | कबोल रकम रु. (भ्याट बाहेक) | क्षतिपुर्ति/ मिलान गरिएको रकम | जम्मा बाँडफाँड हुनुपर्ने रकम दाखिला | पालिको सञ्चितकोषमा जम्मा हुनुपर्ने | प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|
| १ | बाणगंगा खोला (बनकसिया भगलापुर नाका) | ॐ सत्यसाई कन्स्ट्रक्सन बा.न.पा. ५ | २८७७७७७७.०० | ६००९५०१.०० | २२७६८२७६.०० | १३६६०९६५.६० | ९१०७३१०.४० |
| २ | बाणगंगा खोला (मधुबन धाम नाका) | शिबम विल्डर्स पोखरा मा.न.पा. ३१ | ४०३००१०१.०० | ८८९८११.२३ | ३९४१०२८९.७७ | २३६४६१७३.९० | १५७६४११५.९० |
| ३ | कोईली खोला (खोजिपुर सिकारे खोला) | ढोरपाटन निर्माण सेवा बाग्लुङ न.पा. ११ | ९७७६९५४.०० | | ९७७६९५४.०० | ५८६६१७२.४० | ३९१०७८१.६० |
| ४ | कोइली खोला गत आ.ब.को बाँकि परिमाण(वर्दहवा क्षेत्र खुटेनी धनेशपुर नाका) | धमनी देउराली निर्माण सेवा ढोरपाटन ४ बाग्लुङ | १०९८०१८०.०० | | १०९८०१८०.०० | ६५८८१०८.०० | ४३९२०७२.०० |
| जम्मा | | | ८९८३५०१२.०० | ६८९९३१२.२३ | ८२९३५६९९.८० | ४९७६१४१९.९० | ३३१७४२७९.९० |

प्रस्ताव नं. ४.०३

पदपुर्ति सम्बन्धमा,

निर्णय नं. ४.०३

यस कार्यालयबाट आसन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन आचार संहिता लागु हुनुपूर्व विज्ञापन गरिएका विभिन्न पदहरुको छनौट प्रकृया अगाडी बढाउने र रोजगार संयोजक पदपुर्तिको लागि "रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६" को दफा ६ बमोजिम नेपाल सरकारका उपसचिव पदबाट निवृत्त कर्मचारी बाणगङ्गा नगरपालिका वडा नं. ८ निवासी श्री बाबुराम भट्टराईलाई समंयोजकको रुपपा तोक्ने र विषय विज्ञको रुपमा यस कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखामा अधिकृत आठौंको पदमा कार्यरत श्री खिम बहादुर जि.सि.लाई तोक्ने र निम्नानुसारका रिक्त पदहरु आवश्यक प्रकृया पुरा गरी पूर्ति गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | पद | तह | रिक्त संख्या | कार्यक्रम |
|---|---|---|---|---|
| १ | रोजगार संयोजक | अधिकृत स्तर छैठौं | १ | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| २ | रोजगार सहायक | सहायक पाँचौं | १ | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ३ | पशु चिकित्सक | अधिकृत स्तर छैठौं | १ | संघीय शसर्त |
| ४ | लघुउद्दम सहजकर्ता | सहाक चौथो | १ | MEDPA |
| ५ | रिटर्नी स्वयं सेवक | तह विहिन | १ | सामी परियोजना |

प्रस्ताव नं. ४.०४

**उपभोक्ता समिति गठन र अभिमूखीकरण कार्यक्रम सञ्चालन सम्बन्धमा,**

निर्णय नं. ४.०४

यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को लागि स्वीकृत वार्षिक योजनाहरु मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन गरिने योजनाहरुको सम्बन्धमा सबै वडाहरुले योजना शाखासंग समन्वय गरी बढीमा पुष १५ सम्म समिति गठन गरिसक्नुपर्ने र पुष मसान्त भित्र अभिमुखिकरण कार्यक्रम सम्पन्न हुने गरी व्यवस्था मिलाउने निर्णय गरियो।

प्रस्ताव नं. ४.०५

**साविक पटना गा.वि.स.को पुरानो जिर्ण भवनको व्यवस्थापन सम्बन्धमा,**

निर्णय नं. ४.०५

साविक पटना गा.वि.स.को पुरानो भवन १० वर्षे द्वन्द कालमा आगलागी भई जिर्ण भएको र जुनसुकै बेला भत्कन सक्ने र मानवीय क्षती हुनसक्ने भएकोले सो भत्काउन लाग्ने लागत र पुरानो सम्पत्तिबाट प्राप्त हुनसक्ने जिन्सीको लागत ईस्टिमेट तयार गरी हटाउने प्रकृया अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ४.०६

**नगर स्तरीय स्वास्थ्य बिमा संयोजन समिति गठन सम्बन्धमा,**

निर्णय नं. ४.०६

स्वास्थ्य बीमा नियमावली, २०७५ को दफा २६ बमोजिम बाणगङ्गा नगरपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन कार्यविधि, २०७९ अनुसार नगर प्रमुख श्री चक्रपाणी अर्यालको संयोजकत्वमा निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो।

रीता कुमारी चौधरी
नगर उप-प्रमुख

चक्रपाणी अर्याल
नगर प्रमुख

श्री चक्रपाणि अर्याल- नगर प्रमुख | संयोजक
श्री बाबुराम अर्याल - वडा नं. ८ वडा अध्यक्ष | सदस्य
श्री मे.सु. पिपरा अस्पताल | सदस्य
श्री स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेको (मनोनित गर्ने) | सदस्य
श्री बृन्दा अर्याल महिला स्वयं सेविका वडा नं. २ | सदस्य
श्री स्वास्थ्य शाखा प्रमुख | सदस्य
श्री स्थानीय बीमा दर्ता अधिकारी स्वा.वि.बोर्ड | सदस्य
श्री प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव

**प्रस्ताव नं. ४.०७**

**ढल निकास व्यवस्थापनको लागि सरसफाई आयोजना माग गर्ने सम्बन्धमा,**

**निर्णय नं. ४.०७**

वर्षातको समयमा बाणगङ्गा नगरपालिका अन्तर्गत वडा नं. १, २, ४ र ११ बढी डुवान भई पटक पटक ठूलो नोक्सानी हुने भएकोले उक्त समस्या समाधानको लागि र सम्भावित विपत् न्यूनिकरणको लागि ढल उक्त स्थानहरुमा ढल व्यवस्थापन गर्न शहरी खानेपानी तथा सरसफाई आयोजना, पानी पोखरी काठमाण्डौमा माग गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.०८**

**बाणगङ्गा नगरपालिकाको उपभोक्ता समिति सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ संसोधन गर्ने सम्बन्धमा,**

**निर्णय नं. ४.०८**

बाणगङ्गा नगरपालिकाको उपभोक्ता समिति सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा ८ मा रहेको लागत सहभागिता जुटाउने सम्बन्धी व्यवस्था अन्तर्गत निम्नानुसारको संसोधन गर्ने निर्णय गरियो ।

| हाल रहेको | संसोधन हुने |
|---|---|
| संरचना निर्माण कार्य जस्तै सडक कालोपत्रे, नाली, भवन टेवा पर्खाल, कल्भट, विद्युतीकरण जस्ता भौतिक पूर्वाधारसँग सम्बन्धित आयोजनामा लागत अनुमानको अंकको कम्तिमा २०% | माटो पटान तथा ग्राभेल सम्बन्धी कार्यकको लागि २०% र अन्य कार्यको लागि १०% |

**प्रस्ताव नं. ४.०९**

**सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा कार्यविधि, २०७९ स्वीकृत सम्बन्धमा**

**निर्णय नं. ४.०९**

सबैको निम्ति खानेपानी र सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने दिगो विकास लक्ष्य नं. ६ को प्राप्तिको उद्देश्य स्वरुप सञ्चालन गरिने सुरक्षित खानेपानीयुक्त समुदाय घोषणाको लागि खानेपानी तथा सरसफाई ऐन, २०७८ को दफा ७ बमोजिम सुरक्षित खानपानीयुक्त समुदाय घोषणा कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

चक्रपाणी अर्याल
नगर प्रमुख

प्रस्ताव नं. ४.१०

विविध,

निर्णय नं. ४.१०

१. यस नगरपालिकाको घरजग्गा रजिष्ट्रेसन वापत राजस्व उठाउने कार्यको लागि हाल कम्प्युटर प्रिन्टरको व्यवस्थापनमा कठिनाई भएको भनि मालपोत कार्यालय कपिलवस्तुको च.नं. मितिः २०७९।०८।१८ को पत्र प्राप्त भई आएकोले उक्त कार्यालयलाई हाल एक सेट कम्प्युटर प्रिन्टर खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

२. नदी तथा खोलाहरुमा विभिन्न स्थानमा थुप्रिन गएको नदीजन्य पदार्थका कारण हुनसक्ने सम्भावित विपद् हुन नदिनको लागि समयमै हटाउन नगर स्तरीय विपद् व्यवस्थापन समितिबाट निर्णय भई सिफारिस भएका विभिन्न स्थानको नदीजन्य पदार्थ हटाई व्यवस्थापन गर्नको लागि जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

चक्रपाणी अर्याल
नगर प्रमुख